# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

कुनै पनि तवरको अन्धविश्वासमा नलागौँ । रोग लागेमा स्वास्थ्य केन्द्र जाने वानी बसालौँ ।

नेपाल सरकार
सुचना तथा संचार मन्त्रालय
सुचना बिभाग

वर्ष-३ | अंक-११ | २०७५ असोज १० गते बुधबार | 26 Sep 2018 Wednesday | मूल्य रू. १०/-

## परीक्षण उडानमै सीमित कोटबाडा विमानस्थल

**मिसन न्यूज**

**कालिकोट -** २०४२ सालबाट निर्माण कार्य थालिएको नरहरीनाथ गाउँपालिका-१ को कोटबाडा विमानस्थल परीक्षण उडान मात्रै सीमित भएको छ। २०७३ माघ २९ गते परीक्षण उडान भएको कोटबाडा विमानस्थलमा कसैलेका पनि चासो नजाँदा परीक्षण उडानमै सीमित भएको हो । पर्यटन तथा नागरिक उड्यन मन्त्री जीवनबहादुर शाही हुदाँ परीक्षण उडान गरिएको कोटबाडा विमानस्थल कसैले चासो नदिँदा परीक्षण उडानमै सिमित भएको छ।

परीक्षण उडान गरिएको १ बर्ष बित्दा समेत कोटबाडा विमानस्थलमा धावनमार्गको सुधार, रिपिटर टावर र भवन समेत अहिलेसम्म पनि नबनाएको स्थानीय गणेशबहादुर बिष्टले बताए । 'विमानस्थलमा परीक्षण उडान मात्र गरियो ।' उनले भने,'त्यसपछि कुनै पनि भौतिक पूर्वाधार बनाउने काम भएको छैन ।' सडक संजालले नछोएको नरहरीनाथ गाउँपालिकाका स्थानीयले एक दिनको पैतल दुरी हिडेर राजमार्गमा पुग्नुपर्ने बाध्यता रहेको र विमानस्थलको नियमित उडान भएमा पर्यटकियस्थल रुपमा रहेको रामारोसन, बाजुरा र कालिकोटको सिमाना रहेको त्रिवेणी पाटन बडिमालिका पर्यटकहरु लाभान्दित हुने नरहरीनाथ गाउँपालिका अध्यक्ष धीरबहादुर बिष्टले बताए । 'पालिका



कालिकोट नरहरीनाथ गा.पा.मा रहेको सुनथराली विमानस्थल।

अहिलेसम्म पनि सडक संजालले छोएको छैन्। कुनै दुखी बिरामी हुदाँ दुई दिनको पैतल दुरी हिडेर राजमार्गमा जानुपर्छ।' उनले भने,'पर्यटकिय हिसावले विमानस्थल संचालनमा आएपछि त्रिवेणी पाटन, बडिमालिका र रामारोसनमा आउने पर्यटकहरुलाई सजिलो हुने थियो।' विमानस्थलका विषयमा प्रत्येक नेता र राजनीतिक दलहरुले चुनावी नारा मात्र बनाउने कसैले पनि नियमित उडान लगाएतका भौतिक पूर्वाधार विकास क्षेत्रमा ध्यान नदिएको नरहरीनाथ गाउँपालिका सामाजिक अभियन्ता बिरेन्द्रबहादुर बुढाले बताए । 'विमानस्थल निर्माण पंचायतकालदेखि बहुदलिय व्यवस्थाको नारा बन्यो ।' उनले भने,'अहिले लोकतान्त्रिक गणतन्त्रमा आउँदा नियमित उडानको चुनावी नारा बनाएका छन्। तर, बनाउनका लागि कसैले ध्यान दिएका छैनन्।' ३ रुपैयाँ

**बाँकी ८ पृष्ठमा..**

## तिला जलाधार जोगाउन जनप्रतिनिधिको चासो

**मिसन न्यूज**

**कालिकोट -** कर्णाली प्रदेशकै आकर्षक जलाधार क्षेत्र मानिने तिला जलाधार क्षेत्रको संरक्षणको लागि स्थानीय जनप्रतिनिधिहरुले चासो देखाएका छन्। उनीहरुले उक्त जलाधार क्षेत्रको



संरक्षणका उपायबारे दुईदिने छलफल गरेका हुन् । कालिकोटको मान्ममा बिहीबारदेखि भएको सामुहिक छलफलमा तिला जलाधार क्षेत्र अन्तरगत कालिकोटको खाँडाचक्र नगर पालिका, तिला गुफा नगरपालिका, शुभकालिका गाँउपालिका, महाँवै गाँउपालिका र जुम्लाको तिला गाँउपालिकाका जनप्रतिनिधि सहभागी थिए। तिला जलाधार क्षेत्रको संरक्षण,

**बाँकी ८ पृष्ठमा..**

## ठेकेदारले चासो नदिएपछि कर्णाली राजमार्गका ५ वटा पुल निर्माण अधिन, यात्रुलाई सधैं खोला तर्न सास्ती

**विश्वनाथ सिम्खाडा**



**कालिकोट-**ठेकेदारको लापरबाहीले कर्णाली राजमार्गका एउटा पुलको कालो सुचि सहित ४ वटा पुल अलपत्र परेका छन। म्याद सकिएको लामो समय भए पनि अझै सम्म पुलको निर्माण अधुरै रहेको छ । सडक डिभिजन कार्यलय सुर्खेतले हेर्ने ४ र जुम्ला सडक डिभिजन कार्यलयले हेर्ने एउटा गरि जम्म ५ वटा पुलको निर्माण अलपत्र अवस्थामा रहेका छन । निर्माण अलपत्र पार्नेमा रसुवाइलाईट सुर्य जे भि निर्माण कम्पनीले जिम्मा लिएको राजमार्गको दैलेखको जारिस खोला ब्रिजपुल ,जयवुद्ध नेपाल मेगा जे भि निर्माण सेवाले जिम्मा लिएको दैलेखको, वोटखोला ब्रिजपुल ,रोशनश्याम एण्ड शंकर जेभि निर्माण सेवाले जिम्मा लिएका दैलेखमै पार्ने कुमाले खोलाको ब्रिजपुल , गोल्डेन गुड जेभिले निर्माणको जिम्मा लिएको दैलेखको आठविसे नगरपालिका स्थित घटेखोलाको ब्रिजपुल र कालिकोटको तिलागुफा नगरपालिका स्थित खल्ल्लागाड खोलको पुलहरुको म्याद थप गर्दा समेत अझै निर्माण अलपत्र अवस्थामा रहेको सुर्खेत सडक डिभिजन कार्यालयले जनाएको छ। यस्तै सुर्खेत देखि दैलेखको दैखोला सम्म १२ वटा पुलको निर्माणको जिमा लिएको रसुवा निर्माण सेवाले पनि सम्झौता सकिन लाग्दा पनि पुलनिर्माणको अवस्था ढिला सुस्ति रहेको पनि पाईएको छ। कार्यालयका इन्जिनियर देवेन्द्र भटराईका अनुसार ठेकेदारले समयमै ठूलो लागतका पुल निर्माण नगर्दा यात्रु समस्या भोग्न बाध्य छन । सरोकारवाला निकायको उदासीनता, ढिलासुस्ती र ठेकेदारको लापरबाहीका कारण कर्णाली राजमार्ग

**बाँकी ८ पृष्ठमा..**

# व्यवस्था बदलियो, अवस्था बदलिएन

**सुदर्शन आचार्य**

२०६२/०६३ को जनआन्दोलनबाट प्राप्त उपलब्धिले नेपाली जनताले चाहेको लोकतान्त्रिक शासन पद्धतिको रेखा कोर्ने काम गर्‍यो । तर व्यवस्था परिवर्तन भए पनि नेपाली जनताको अवस्थामा परिवर्तन आउन सकेन । दुई तिहाइ बहुमत प्राप्त अहिलेको सरकारलाई समृद्ध नेपाल निर्माणको सपना देख्दै उक्त सपना साकार पार्ने सुनौलो अवसर प्राप्त भएको छ । अहिलेको बहुमत प्राप्त स्थिर सरकारले शालीन प्रतिपक्ष पाउनु सरकारको सौभाग्य मान्नुपर्छ । तर, राणा, राजा, पञ्चायत, लोकतन्त्र हुँदै गणतन्त्रसम्मको उन्नत व्यवस्थामा पनि सत्ताको छायाँका रूपमा माफिया देखिन पुग्दा नेपालको समृद्धिका बारे संशय नै छ । समृद्ध नेपाल निर्माणका सन्दर्भमा चिनियाँ र भारतीय रेल र जहाजको एउटा छुट्टै विषय त बन्ला तर, त्यसको आवश्यकता र औचित्यबारे बहस जरुरी छ । नेपालभित्रै समृद्ध नेपाल निर्माणको सम्भावनाका क्षेत्रहरू प्रचुर छन् । हिमाल, पहाड र तराईको विविधताभित्र खाद्यवस्तुको आपूर्तिसँगै हाम्रो आर्थिक स्थितिमा सुधार ल्याउन सकिन्छ । चिया, कफी, पशुजन्य, फलफूल र जैविक खेतीले हाम्रो मुहारमा परिवर्तन ल्याउन सक्छ । जलस्रोत हाम्रो विकासमा कायापलट ल्याउने क्षेत्र हो । पर्यटनको सन्दर्भमा झनै विश्वकै गन्तव्य मुलुकका रूपमा चिनिन्छ नेपाललाई । मोनोरेल र केबलकारको पनि सम्भावना उत्तिकै छ । यसै भित्रबाट नेपालको समृद्धि खोज्न सकिन्छ । चर्को ब्याजमा ऋण लिएर रेल वा जहाजको सपना देखिएको हो भने आजै उक्त सपना त्याग्नु नै उत्तम हुनेछ । हिजो हामीले समृद्धिको सपनाभित्र सिंहदरबारको अधिकार गाउँमै पुर्‍याउने भनियो । तर, आज सेवा र सुविधाभन्दा चर्को रूपमा गाउँमा करको मार पु( याउँदा जनता गणतन्त्रसँग समेत आजीत हुन थाले । स्मार्ट सिटीको नारासँगै गाउँगाउँमा फ्री वाइफाई त भनियो तर, असाधारण गतिले काम गर्नुपर्ने दूरसञ्चार प्राधिकरण तथा नेपाल टेलिकमको नेतृत्वलाई बलात् हटाइयो । यसरी समय अगावै राज्यले नेतृत्वलाई हटाउँदा वा हटाउने हल्ला चलाउँदा नेतृत्वमा काम गर्ने उत्साह कसरी पैदा होला ? काम गरेर रिजल्ट देखाउने निकायका प्रमुखलाई ढाडस नदिने हो भने न त समयमा कामको रिजल्ट देखिन्छ, न त समृद्ध नेपाल निर्माण नै सम्भव छ । आज इन्टरनेटको सर्वसुलभताले मोफसलका गाउँसहरमा पनि नेट कल्चर फस्टाएको छ । प्रविधिमा गाउँका पुस्ता पनि अपडेट हुँदै छन् । सूचनाको प्राप्ति तथा दूरशिक्षा प्रणालीबाट शैक्षिक वर्ग र इ कमर्सको विकासबाट सिंगै व्यापार लाभान्वित हुनेछ । नेपाल, भारत र चीनको सामीप्य भएकै कारण आउट सोर्सिङ तथा फाइबर अप्टिकलका माध्यमबाट रोजगारीमा समेत वृद्धि गर्दै फाइदा उठाउन सक्नेछ । सञ्चारपछि शिक्षा र स्वास्थ्यमा लोकतन्त्र प्राप्तियता ठूलै परिवर्तन देखियो । स्कुल र कलेज जुन ढंगले चलेका छन्, ती सन्तोषजनक छैनन् तर, पनि सरकारले शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रमा राजनीतिक प्रतिबद्धता देखायो भने परिवर्तन सम्भव छ । नेपाल जस्तो भूपरिवेष्ठित मुलुकमा समृद्धि ल्याउने अर्को भरपर्दो क्षेत्र भनेको हवाई उड्डयन क्षेत्र हो । मुलुकको विकासका निम्ति उड्डयन क्षेत्रलाई बढावा नदिई सुखै छैन । निर्माणाधीन अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा भएको ढिलाइले नराम्रो सन्देश गएको छ । एक मात्र राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्सले राम्ररी काम गर्न पाएको देखिँदैन । वायुसेवा निगममा अध्यक्ष पर्यटन सचिव हुने व्यवस्था छ । नेपालमा सरकारी विमान कम्पनीले विमान खरिदको प्रसंग उठाउन नपाउँदै उजुरी अख्तियारमा पुगिहाल्छ । यसरी जुन प्रकृतिको कम्पनी हो, सोअनुरूप काम गर्न नदिइनुलाई माफियाहरूकै खेल हो र उनीहरूको सत्तामा बलियो उपस्थिति छ भनेर बुझ्न कठिन छैन । समृद्धिको बाधक भनेकै सत्तासँगै टाँसिएर रहेका माफिया नै हुन् । राजनीतिक नेतृत्वले बुझ्नैपर्ने एउटा उदाहरण यहाँ प्रस्तुत गरौँ– भारत आजादीपछि त्यसताका विश्वकै ठूला ड्याममध्येको मानिने हिमाञ्चल प्रदेशको १३२५ मेगावाटको भाक्रा ड्याम १९४८ मा निर्माण प्रारम्भ भयो । त्यसताका प्रधानमन्त्री थिए, जवाहरलाल नेहरू । भाक्रा ड्याम निर्माणका चरणमा व्यापक अनियमितता भयो भन्दै प्रधानमन्त्रीसामु सयौँ उजुरी परे । नेहरू आफैँ उक्त ड्यामको निरीक्षणमा पुगे । निरीक्षण फर्कनासाथ सबै उजुरीहरू जलाइदिए । उनी विश्वस्त भए, उजुरीमा नै खोट छ । उजुरीमा सत्ताको नजिक रहेर फाइदा लिनका निम्ति क्रियाशील माफियाकै हात छ । यता नेपालमा भने शैलजा आचार्यले मन्त्रालयभित्र माफियाहरूको जालो नै रहेछ भन्दै पदैबाट राजीनामा दिएकी थिइन् । नेपालको समृद्धि हाम्रै पालामा सम्भव छ । तर, नेतृत्वमा लालचाको क्लेस पनि देखिनुहुन्न । बिपी, किसुनजी र मनमोहन बाहेकको शासन सत्ता हेर्दा सत्ताको आडैमा माफिया नै बसेर सत्ता चलाएको देखिन्छ। परिवर्तनको साहसिक परिकल्पनासँगै असाधारण योगदानविना समृद्ध नेपाल सम्भव छैन । आफ्नो क्षेत्रमा अब्बल मानिएका तथा दृढ इच्छाशक्ति भएका व्यक्तिलाई राज्यका तर्फबाट कामको मूल्यांकनका आधारमा प्रोत्साहित नगरिने हो भने पनि समृद्धि सम्भव छैन । ०४६ को परिवर्तनपछिका २९ वर्ष हामीले सरकार निर्माण र ढाल्ने खेलमै समय व्यतीत गर्‍यौं । मुलुकका तन्नेरी हातहरू खाडीमा छन् । मुलुकको अर्थतन्त्र उरालो लाग्दा समेत हिजोका मितिमा राजनीतिज्ञ, व्यवसायी र कर्मचारीमा गम्भीरताको त कुरै छाडौं, चिन्ता समेत देखिएन । आज आआफ्नो संगठनको नेतृत्वमा भएका प्रहरी महानिरीक्षक, गभर्नर, नेपाल एयरलाइन्सका महाप्रबन्धक आदिमाथि यो वा त्यो बहानामा हटाइहाल्ने मनोवैज्ञानिक त्रास देखाइएको छ। टेलिकम, दूरसञ्चार प्राधिकरण, पुनर्निर्माण प्राधिकरणजस्ता निकायका प्रमुखलाई समय अगावै हटाइयो नै । पुनर्निर्माण प्राधिकरणबाहेक अन्य निकायले प्रमुख पाउनै सकेका छैनन् । यसरी राज्यमाथि अदृश्य शक्ति हाबी हुँदा हर क्षेत्रमा अस्थिरता पैदा भएको छ । आज दुई तिहाइको जनादेशसहितको समर्थनबाट केपी ओली सत्तामा छन् । यही सिस्टम र यही जनमत प्राप्त रहन्जेल यो वा त्यो बहानामा नेपाली जनताको समृद्धिको सपना पूरा गर्न सकिएन भन्ने सुविधा कम्तीमा यो सरकारलाई छैन । समृद्धिको सपना साकार नहुँदा प्रतिपक्ष सकारात्मक नहुँदा वा समृद्धिका निम्ति नेपालसँग स्रोत नभएर नभई सत्ताकै छायाँरूपी माफियाका कारण समृद्ध नेपालको सपना साकार नहुने हो ।

## साताको भाग्यफल

**मेष** : सञ्चित कर्मको प्रतिफल प्राप्त हुनाले साताको प्रारम्भ उत्साहवर्द्धक रहनेछ । आम्दानीले विभिन्न आवश्यकता पूरा हुनेछन् ।

**वृष** : प्रारम्भमा कर्मयोगद्वारा विभिन्न अवसर जुटाउन सफल भइनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् ।

**मिथुन** : प्रारम्भमा स्वास्थ्य चिन्ताले सताउन सक्छ । जिम्मेवारी प्राप्त भए पनि अरूका लागि समय खर्चनुपर्ला ।

**कर्कट** : प्रारम्भमा अस्वस्थताका बीच कामको बोझ बढ्नेछ । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्दा केही चुनौती पनि देखिनेछन् ।

**सिंह** : प्रारम्भमा प्रियजनसँग भेटघाट हुनेछ भने रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ । धेरै मिहिनेत परे पनि चिताएको काम बन्नेछ । आतिथ्य भने खर्चिलो हुनेछ

**कन्या** : मिहिनेतले अवसर दिलाउनेछ भने प्रतिद्वन्द्वीहरू पछि पर्नेछन् । रोकिएका काम बन्नाले आम्दानी बढ्नेछ ।

**तुला** : ईर्ष्या गर्नेहरूले अवरोध पुर्‍याउने हुँदा सुरुमा भविष्यको चिन्ताले सताउन सक्छ । आफ्नो श्रमबाट अरूले फाइदा उठाउन सक्छन् ।

**वृश्चिक**: प्रारम्भमा स्वास्थ्यको चिन्ताले सताउन सक्छ । बलजफ्तीले काम बिग्रनेछ भने अर्थ अभावले पनि सताउने देखिन्छ ।

**धनु** : विशेष अवसरले ठूलै काममा हिम्मत दिलाउनेछ । दिगो फाइदा हुने काम शुभारम्भ हुन सक्छ । पुरुषार्थ देखाएर दाम समाउने अवसर प्राप्त हुनेछ ।

**मकर**: प्रारम्भमा बोलीको प्रभावले बोलीको प्रभावले विशेष अवसर दिलाउनेछ । सम्पादित कामबाट धन लाभ हुनेछ ।

**कुम्भ** : इच्छाशक्ति बढ्नाले महत्त्वाकांक्षी काम सुरु हुनेछ । आँटले लक्ष्यमा पुर्‍याउन सक्छ । व्यक्तित्व निखार्ने अवसर जुट्नेछ ।

**मीन** : प्रारम्भमा व्ययभार बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ । रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । खर्च लागे पनि लामो यात्रा गर्ने अवसर जुट्न सक्छ ।

**सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार**
**सिंचाइ गरौँ, उत्पादन बढाऔँ। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुर्‍याऔँ, गरिबी न्यूनिकरण गरौँ।**

**पलाँता गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, कालिकोट**

# राजनीति प्रदेश समन्वय परिषद् बैठकको तयारीमा कर्णाली सरकार

**मिसन न्युज**

**सुर्खेत -** कर्णाली प्रदेश सरकारले पहिलो पटक आयोजना गरेको प्रदेश समन्वय परिषद्को बैठकको तयारी तीव्र बनाइएको छ । भाद्र ३० गते सम्पन्न कर्णाली प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले यही असोज १९ र २० गते समन्वय परिषद्को बैठक आयोजना गर्ने निर्णय गरेको थियो । मन्त्रिपरिषद् बैठकको निर्णय लगत्तै प्रमुख सचिव रामप्रसाद थपलियाको अध्यक्षतामा विषयगत मन्त्रालयका सचिवहरूको बैठक वसेर परिषद् बैठकको तयारीलाई तीव्र बनाउने निर्णय गरेको हो । परिषद् बैठकका लागि सहभागीहरूको विवरण निश्चित गर्ने, बैठकका लागि लाग्ने खर्चको विवरण तयार गर्ने, बैठक संचालन प्रक्रिया तथा व्यवस्थापन लगायतका विषयमा गृहकार्य सुरु गरिएको प्रदेश सरकारका प्रमुख सचिव रामप्रसाद थपलियाले जानकारी दिए । प्रदेश र स्थानीय सरकारका साझा संवैधानिक अधिकारको प्रयोग, प्राकृतिक स्रोत साधनहरूको उपयोग, विकास निर्माणका कार्यहरूमा सहकार्य लगायतका विषयमा साझा अवधारणा तयार गर्न कर्णाली प्रदेश समन्वय परिषद् बैठकको आयोजना गरिएको मुख्यमन्त्री एवं परिषद्का संयोजक महेन्द्रवहादुर शाहीले बताए । 'परिषद् बैठकमा सरकार र स्थानीय कर प्रणाली बीचको अन्तरसम्वन्ध, प्रादेशिक कानुन र स्थानीय तहका कानुनहरु बीचको अन्तरसम्वन्ध र प्रदेश र स्थानीय तहको प्रशासनिक संरचनाहरूबीचको अन्तर




संचालनका क्रममा देखिएका कानुनी, आर्थिक, प्रशासनिक जटिलताको सम्वोधनका लागि पनि विचार विमर्श हुनेछ ।' मुख्यमन्त्री शाहीले भने। परिषद् बैठकमा प्रदेश र स्थानीय तहका योजनाहरू बीचको अन्तरसम्वन्ध, प्रदेश सम्वन्धका विषयमा विज्ञहरूको कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम पनि रहेको मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका प्रवक्ता केशवप्रसाद उपाध्यायले जानकारी दिए । दुई दिनसम्म संचालन हुने बैठकवाट संघीयताको कार्यान्वयन, योजना निर्माण तथा कार्यान्वयन, करसम्वन्धी विषय, कानुन निर्माण तथा कार्यान्वयन सम्वन्धमा दुवै तहका नेतृत्वको बुझाइमा एकरुपता हुने, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्यको भावना प्रवर्द्धन भई सेवा प्रवाह एवं विकास कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता आउने अपेक्षा गरिएको छ। पहिलो पटक आयोजना गरिएको समन्वय परिषद् बैठकमा कर्णाली प्रदेश सरकारका मन्त्री र सचिवहरू, विज्ञ, दशवटै जिल्लाका प्रमुख तथा उपप्रमुखहरू, ७९ वटा स्थानीय तहका प्रमुख उपप्रमुखहरूसहित ३०० जना सहभागी रहने बताइएको छ। संविधानले संघ, प्रदेश र स्थानीय तह बीचको सम्वन्ध सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित हुने प्रष्ट गरेको छ। संविधानको सोही व्यवस्था वमोजिम स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०५ को उपदफा १ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा

**बाँकी ४ पृष्ठमा..**


**सम्पुर्णमा हाम्रो अनुरोध**

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।**

**खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालीकोट**

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुवाऔं ।
– पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**खाँडाचक्र नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**सान्नी त्रिवेणी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**कालिकोट**

**सम्पुर्णमा हाम्रो अनुरोध**

**नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।**

**तिलागुफा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कालिकोट**

## राजनीति प्रदेश समन्वय परिषद......................

नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाडसम्वन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था गरेको छ। प्रदेश समन्वय परिषद्को संयोजकमा मुख्यमन्त्री र सदस्यहरूमा प्रदेश सरकारका मन्त्रीहरू, प्रदेश सरकारको प्रमुख सचिव,प्रदेश सरकारका सचिवहरू, प्रदेश भित्रका जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुखहरू, प्रदेश भित्रका गाउँपालिकाका अध्यक्ष उपाध्यक्षहरू र नगरपालिकाका प्रमुख तथा उपप्रमुखहरू रहने प्रावधान छ भने प्रदेश सरकारको स्थानीय तह हेर्ने मन्त्रालयका सचिव सदस्य सचिव रहने व्यवस्था छ। थाहाखबरबाट


**बेस्ट कर्णाली मिडियाको नौलो धमका**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा प्रदेश नम्बर ६ बाट प्रथम सुचिकरण भएको **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक पत्रिका प्रकाशन भईरहेको छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

**हाम्रा विशेषताहरु**

– सरकारी, गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन ।
– अनलाईन पत्रिका डिजाइन ।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
– वेव तथा अनलाईनका लागि होस्टीग ।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
– भिडियो डुकुमेन्ट्रीउत्पादन ।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

**फोन** : ०८७-४४०२४२,९८४८०४९४५५,९८६८३१५३५३

**इमेल** : bestkarnalimedia@gmail.com

missionnewsp@gmail.com


# स्वास्थ्य

## ज्वरो आए स्क्रबटाइफस हुन सक्छ



गोर्खाकी एक महिला वीर अस्पतालको सघन उपचार कक्षमा उपचाररत छिन् । उनलाई सुरुमा ज्वरो बढ्न् र घटन् भयो । त्यो क्रम रोकिएन । झन् त्यमाथि वान्ता हुने र पखाला चल्ने भएपछि उनी अस्पतालमा पुगिन् । रक्तचाप न्यून भएर कमजोर भइसकेकी उनलाई चिकित्सकले अस्पताल भर्ना गरेर उपचार थाले । चिकित्सकको सल्लाहअनुसार उनी राजधानीको एक निजी अस्पतालमा भर्ना भइन् । उपचारको क्रममा उनको झन्डै लाख रुपैयाँ सकियो । निजी अस्पतालको उपचारपछि पनि पूर्ण निको नभएपछि उनी वीर अस्पताल पुगिन् ।

हाल उनको स्वास्थ्यमा सुधार आएको छ । उनलाई स्क्रबटाइफस भएको रहेछ। स्क्रबटाइफसकै कारण शरीरका विभिन्न अंगमा संक्रमण भएपछि उनमा थप जटिलता बढेको थियो । उनी दुई साताअघि स्क्रबटाइफस संक्रमण भएर वीरमा पुगेकी थिइन् । सघन उपचार कक्षमा शैय्या खालि नभएपछि उनलाई अन्यत्र रेफर गरिएको थियो। अस्पतालमा स्क्रबटाइफसले गम्भीर भएका यी दुई बाहेक अरु बिरामी पनि विभिन्न अस्पतालमा भर्ना हुन पुगेका छन्। एक महिनाअघि धादिङकी एक महिलाको टिचिङ अस्पतालको आइसियुमा उपचार भएको थियो। गर्मी तथा वर्षात्को मौसम सुरु भएदेखि स्क्रबटाइफसका बिरामी बढिरहेको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालले जनाएको छ । अस्पतालमा स्क्रबटाइपस संक्रमित बिरामी उपचारका लागि पुग्ने गरेका छन् । त्यसबोहक अन्य अस्पतालबाट रगत परीक्षण गर्न पुगेका बिरामीमा यो रोग भेटिने गरेको तथ्यांक छ । स्क्रबटाइफस रोग लागेमा ज्वरो आउने, पेट दुख्ने जस्ता लक्षण देखिन्छ। राष्ट्रिय इपिडियोमोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार वर्षाको बेला यो रोग बढ्ने गरेको छ। विगत नौ महिनामा देशभरमा ३ सय ३० जनामा स्क्रबटाइफस भएको तथ्यांक छ। साउन यता एक महिनाको अवधिमा १ सय २६ जनालाई यो रोगको संक्रमण भएको छ। **के हो स्क्रबटाइफस ?** - खेतवारी वा झाडीमा मुसाको रगत चुसेर जिउने 'माइट'नामक परजीविको माध्यमबाट मानिसमा स्क्रबटाइफस संक्रमण हुन्छ। झाडीमा बस्ने परजीवि (किर्ना)भित्र हुने 'ओरेन्सिया सुसुगामोसी' नामक जिवाणु शरीरभित्र प्रवेश गरेपछि यसको संक्रमण हुन्छ। सो परजीवि घाँस, झाडीमा बस्ने भएकाले मुसाघरभित्र पसेर किर्ना छोडेमा घरभित्रै पनि यो परजीविले टोके स्क्रबटाइफसको संक्रमण हुन्छ।

**कसरी बच्ने ?** - झाडी या बारीमा जथाभावी नबस्ने - बारीमा जाँदा नांगो खुट्टाले नजाने - घर वरिपरिको वातवरण सपे - चौर या झाडीमा सुतेर नबस्ने - खेतबारीमा जाँदा पन्जाको प्रयोग गर्ने

**लक्षण** - ज्वरो आउने - शरीरमा राता बिमिरा देखिने - वान्ता हुने - खाना मन नलाग्ने -आँखा रातो हुनु - टोकेको भागमा कालो दाग बस्नु


**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।**

**रास्कोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कालिकोट**



**प्रकोप र महामारी सम्बन्धमा**


**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**महावै गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**कालिकोट**

# पिउनेपानीको मुहान बगाएपछि दूषित पानी पिउन बाध्य

**मिसन न्यूज**

**जाजरकोट -** गत महिना बाढीपहिरोले खानेपानीको मुहान बगाइदिएपछि नलगाड-३ चाउलेचौरका जनकबहादुर पुनको परिवार दूषित पानी पिउन बाध्य छन् । जसकारण उनको परिवारलाई पखाला र रुघाखोकीले सताइरहेको छ। उनीजस्तै त्यस गाउँका दर्जनौं घरपरिवार खोलाको दूषित पानी पिउँछन्। 'धारोमा पानी आउँदैन, खोलाको पानी नखाएर के गर्नु ? ' उनले भने, 'पशुचौपाया र मानिसले खोलाको एउटै पानी खानुपरेको छ ।' खानेपानीको मुहान मर्मत हुन नसक्दा जाजरकोटको नलगाड नगरपालिका ३, चाँवलेचौर र सानावन गाउँमा खानेपानी अभाव भएको हो । साउन २९ गतेको भारी वर्षापछि आएको बाढीपहिरोले गाउँमा आपूर्ति हुँदै आएका ट्यांकी र पाइपलाइन बगाउँदा स्थानीय शुद्ध पिउने पानीको सुविधाबाट वञ्चित भएका छन्। बाढीले ठूलामूल खानेपानी योजना ट्यांकी र पाइपलाइन, नयाँ खोली खानेपानी योजनाको ट्यांकी र पाइपलाइन, बगरछाना खानेपानी योजना, नहकुली सिँचाइ तथा खानेपानी योजनालगायतमा क्षति पुगेपछि चावलेचौर र सानावन गाउँका बासिन्दा र विद्यालयका बालबालिका खोलाको दूषित पानी पिउन भएका हुन् । ०४४ सालमा निर्माण भएको बगरछान खानेपानी योजना बाढीले बगाएपछि समस्या भएको स्थानीय हर्कबहादुर विष्टले बताए ।



नलगाड-३ चाउलेचौरस्थित खानेपानी ट्यांकी बगाएको क्षेत्र ।

**पानीको तत्काल व्यवस्था गर्न माग गरे पनि कुनै सुनुवाइ नभएको गुनासो**

चाउलेचौरस्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालयका करिब सय बालबालिका खानेपानीबाट वञ्चित भएका छन् । त्यस्तै, सानावनस्थित लालीगुराँस प्राथमिक विद्यालयका ६० बालबालिका नजिकैको खोलामा गएर पानी पिउने गर्छन् । सानावनका २३ परिवार गाउँ नजिकैको खोलाको दूषित पानी प्रयोग गर्ने गरेको स्थानीय जनकबहादुर पुनले बताए। ट्यांकी र पाइप लाइन बाढीले बगाएदेखि खोलाकै पानी खानुपरेको हो। नगरपालिका तथा जिल्ला खानेपानी कार्यालयलगायत निकायमा पानीको तत्काल व्यवस्था गर्न माग गरे पनि कुनै सुनुवाइ नभएको उनको गुनासो छ। चावलेचौर र भदाले गाउँका सय घरपरिवार आकाशे पानी संकलन गरेर खाने गरेका छन्। पहिरोले गर्दा स्थानीय शुद्ध पिउने पानीको सुविधाबाट वञ्चित भएका हुन् । मान्छेलाई मात्र होइन, चौपायालाई पनि पानी खुवाउन समस्या भएको छ । आकाशे तथा खोलाको धमिलो पानीको भर पर्नुपरेको स्थानीय बताउँछन्। आकाशबाट पानी नपर्दा र खोलाका मूल पनि सुक्दै जान थालेपछि समस्या जटिल बन्दै गएको स्थानीय मि श्रीबहादुर पुनले बताए । ती गाउँका धेरैजसो परिवारका सदस्यको काम दैनिक पानी ओसार्नमै बित्ने गरेको छ। पानी अभावमा गाउँका चर्पी प्रयोग गर्न समस्या भएको छ । स्थानीय खोला खोल्सामा, जंगल खुला स्थानमा दिसापिसाब गर्ने गरेका छन्। अधिकांश बालबालिकाको समय पनि पानी ओसार्नमै बित्ने गरेको छ।अन्नपुर्णबाट


## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔँ ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔँ ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**प्रमुख प्रशासकीय अधिकृत**
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔँ,गरिबी न्यूनिकरण गरौँ।**

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# अन्तराष्ट्रिय न्युज

## किमसाग दोस्रो शिखर वार्ता गर्न ट्रम्प तयार



**न्युयोर्क –** अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियाका नेता किम जोङ उनसँगको दोस्रो शिखर वार्ता छिट्टै हुने विश्वास व्यक्त गरेका छन् । उनले आफूहरुको अबको भेटवार्ताबाट पनि आश्चर्यजनक उपलब्धि हुने विश्वास सोमबार राष्ट्रसङ्घको महासभामा पुगेका सञ्चारकर्मीसँगको भेटपछि व्यक्त गरेका हुन् । उनले धेरै बिषयहरूमा छलफलपछि व्यापक सहमतिका आधार बनेका र अर्को भेट टाढा नभएको प्रतिक्रिया दिए ।'हाम्रो दोस्रो शिखर सम्मेलन मलाई चाडै नै होला जस्तो लागेको छ ।' दक्षिण कोरिया र उत्तर कोरियाका शीर्ष नेताहरुको बैठकपछि दक्षिण कोरिया र चीनले तत्काल अमेरिकासँग फेरि वार्ता गर्न उत्तर कोरियालाई सुझाव दिएका थिए । दक्षिण कोरिया र चीनको सुझाव सार्वजनिक भएको केही दिनपछि अमेरिकी राष्ट्रपति ट्रम्पले चाडै वार्ता हुने विश्वास व्यक्त गरेका हुन् । ट्रम्प र किमबीचको बहुचर्चित पहिलो शिखर सम्मेलन यसअघि गत जुनमा सिङ्गापुरमा भएको थियो ।


## रास्कोट नगरपालिकाको सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं ।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

रास्कोट नगरपालिका कार्यालय
कालिकोट


# ज्ञानमाला

१ गोरख बिष्टको बहुचर्चित बृत्तचित्र ट्रफी हन्टिङ मा कुन जनवारको सिकार सम्बन्धी बिषयवस्तुलाई समेटेको छ ?
- नाउर

२ बेलायती सेनामा नेपाली युवकहरु कहिले देखी भर्ती हुन थालेका हुन ?
- सन १८१५ देखी

३ संसारमा पाईने जति पनि जिवजन्तु छन, ति मध्ये कति प्रतिसत किरा र हेका छन ?
- ८०५

४ बादल निर्माण हुने प्रकृयालाई के भनिन्छ ?
- थन्डर स्ट्रम

५ शलिग्राम कसको अवतारको रुपमा पुजा गरिन्छ ?
- विष्णु

६ मध्यकालिन राज्यको टक्सारी पदको अर्थ के हो ?
- नक्साको व्यवस्थापन गर्ने

७ वास्तुशास्त्र वा वास्तुकलाको उपज कुन वेदबाट भएको हो ?
- अथर्ववेद

८ नेपाली तयारी पोसाकको सबैभन्दा ठुलो अन्तराष्ट्रीय बजार कुन होब ?
-अ्मेरिका

९ नेपालको हिमाली क्षेत्रमा कति प्रतिशत भागमा कृषी उत्पादन हुन्छ ?
- ४५

१० उखु खेतिको लागी उब्जाउ माटो कुन हो ?
-दोमट माटो

११ भारतको हैदराबाद के को शहरले चर्चित छ ?
- कम्पुटर

१२ कर्मचारितन्त्र प्रयोग गर्ने पहिलो व्याक्ती को हुन ?
- म्याक्स वेभर

१३ शिवांक नामक मुद्रा कुन लिच्छिवि राजाले प्रचलनमा ल्याएका हुन ?
-शिवदेव द्वितिय

१४ एसियामा सबैभन्दा बढी वैदेशिक कामदार भित्रायाउने राष्ट्र कुन हो ?
-मलेसिया

१५ नेपालको पर्यटन विकासमा सहयोग पुर्याउने संस्था कुन हो ?
- एसियाली विकास बैंक

१६ चिनमा कहिलेबाट आर्थिक सुधार को प्रक्रीया अघि बढेको हो ?
- सन १९७८ बाट

१७ मानिसको गिदिको तौल शरिरको कुल तौलको कति प्रतिसत हुन्छ ?
- करिब २५


एक घर एक करेसाबारीको स्थापना गरौं ।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥

पचाल झरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, कालिकोट



## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# मदिरा नियन्त्रण गर्दै स्थानीय तह

**मिसन न्यूज**

**मुगु –** जिल्लाका चारवटै स्थानीय तहले मदिरामुक्त अभियान सुरु गरेका छन् । मदिरा सेवनका कारण शान्ति सुरक्षामा समस्या भएको र अपराधका घटना बढ्न थालेको भन्दै स्थानीय तहले मदिरामुक्त अभियान थालेका हुन । घरेलु मदिरा नियन्त्रणका लागि प्रहरीले समेत सक्रियता बढाएको छ ।

छायानाथ-रारा नगरलाई मदिरामुक्त बनाउन प्रहरी र स्थानीय प्रशासनसँग सहकार्य गरिरहेको नगरपालिकाले जनाएको छ । नगरले जनप्रतिनिधि, महिला समूह, नागरिक समाज र विद्यार्थीलाई मदिराविरुद्धको अभियानमा परिचालन गरिएको जनाएको छ। अवैध मदिरा नियन्त्रणका लागि पसलमा चेकजाँच अभियान सुरु गरिएको छ । नगरका टोलटोलमा महिला र युवा समूह गठन गरिएको जनप्रतिनिधिले जनाएका छन । मदिरा नियन्त्रणका लागि जनचेतना अभियान सुरु गरिएको वडा नं. २ का अध्यक्ष परेकराज चौलागाईंले बताए । 'असोजदेखि घरेलु मदिरा पूर्णरूपमा बेचबिखन बन्द गर्ने नगरको योजना छ,' उनले भने, 'बाहिरबाट आउने मदिरालाई पनि कानुनी बनाइने छ ।' नगरलाई शान्ति सुरक्षाउन्मुख बनाउन मदिरा नियन्त्रण अभियान सुरु गरिएको नगरप्रमुख हरिजंग शाहीले बताए। उनले मदिरामुक्त बनाउन नगरसभाबाट कार्यविधि पास गरी कार्यान्वयनमा जोड दिइएको जनाए । सदरमुकाममा अवैध मदिरा बिक्रीमा रोक लगाइएको छ । मदिरा बेचबिखनको इजाजत अनुमति नलिएर मदिरा बेचबिखन गरेको पाइए तत्काल कारबाही गरिने स्थानीय प्रशासनले जनाएको छ । बाहिर जिल्लाबाट आउने मदिरा नियन्त्रणमा कडाइ गरिएको प्रमुख जिल्ला अधिकारी उमाकान्त अधिकारीले जनाए । सोरु गाउँपालिकाले पनि वडास्तरमा मदिरा नियन्त्रणका लागि अभियान सुरु गरेको जनाएको छ। मदिरा नियन्त्रणका लागि विभिन्न गाउँमा अन्तर्क्रिया भइरहेको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाले वडा नं. १० र ११ का धैनकोट, लोली, बाहुनबाडा, गुरुबाडा, तलिबाडा, सार्कीबाडालगायत बस्तीमा मदिरा बिक्री वितरणमा रोक लगाएको छ। मदिरा नियन्त्रणमा सक्रिय भएको वडा नं. १० का अध्यक्ष धर्मराज जैसीले बताए। 'मदिरा बिक्री गर्नेलाई दुई हजार र सेवन गर्नेलाई एक हजार रुपैयाँ जरिवाना गर्ने निर्णय पारित गरिएको छ,' उनले भने,'मदिरा नियन्त्रणका लागि आवश्यक परे प्रहरीसमेत परिचालन गर्नेछौं ।'



मुगुस्थित जिल्ला प्रहरी कार्यालयमा मदिरा नियन्त्रणसम्बन्धी छलफल गरिदै ।

खत्याडमा पनि मदिरा नियन्त्रण अभियान सुरु गरिएको प्रमुख प्रशासकीय अधिकृत मणिचन्द्र कार्कीले बताएरु उनले त्यसका लागि समूह गठन गरी परिचालन गरिएको जनाए । त्यस्तै जनजाति समुदायको बाहुल्यता रहेको मुगमकार्मारोङ गाउँपालिकाले नियन्त्रणका लागि विभिन्न पहल थालेको जनाएको छ । जिल्लामा सबैभन्दा धेरै घरेलु मदिरा उत्पादन र प्रयोग हुने गरेकाले जनचेतनामूलक अभियानमा

बाँकी ८ पृष्ठमा..


## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं । रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**महावै गाउँपालिका**
**गाउँ कार्यपालिकोको कार्यालय**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

## पलाँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझाँ जगगामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं।**

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## तिला जलाधार जोगाउन ......................

सिमसार क्षेत्रको संरक्षण, सामाजिक सम्बन्ध, जलाधार छनोट र प्राथमिकिकरणका विषययमा उनीहरुको छलफल केन्द्रित थियो। छलफलको क्रममा तिला नदी दिन प्रतिदिन प्रदुसित हुँदैगएको भन्दै चिन्ता पनि व्यक्त भएको छ । स्थानीय सरकारले समयमै उपाय नखोजे भविस्यमा पानीको श्रोत लोप हुनसक्ने खतरा पनि कार्यक्रममा औंल्याइयो। नदी आसपासका बजारमा निर्माण गरिएका घरका ढल सिधै नदीमा मिसाइदिँदा यस्तो खतरा निम्तिएको भन्दै यसलाई कडाइका साथ रोक्नुपर्ने भन्दै जनप्रतिनिधिहरुको चासो छ । तिला जलाधार क्षेत्रमा २७ प्रकारका माछा पाइन्छन्। पछिल्लो समय प्रदुषणका कारण माछा लगायतका धेरै जलचर लोप हुन थालेका छन् । साथै पानीको मात्र पनि कम हुँदै गएको छ।

## मदिरा नियन्त्रण गर्दै ......................

जोड दिइएको जनप्रतिनिधिले जनाएका छन् । जिल्लामा मदिरा सेवनकै कारण विभिन्न घटनामा एक दर्जन बढीको ज्यान जाने गरेको प्रहरीले जनाएको छरु।

**सीमामा खुकुलो -** नियन्त्रण अभियान सुरु गरिए पनि तिब्बत सीमा नाकाबाट चिनियाँ मदिरा आयात हुँदा समस्या भएको जनप्रतिनिधिले जनाएका छन्रु। प्रहरीको उपस्थिति प्रभावकारी नहुँदा व्यापारीले चौंरी र घोडाखच्चडबाट मदिरा नेपालतर्फ ल्याउने गरेका छन्रु। सीमा नाकाबाट व्यवसायीले करोडौं मूल्यको अवैध तिब्बती मदिरा ल्याएर गाउँमा बिक्री गर्ने गरेका छन् । सीमा क्षेत्र मुगुमा प्रहरी चौकी र भन्सार कार्यालय भए पनि जनशक्ति अभावका कारण ओसारपसार रोक्न समस्या भएको छ । तिब्बतबाट एक सय रुपैयाँ प्रतिबोत्तल खरिद गरिएको मदिरा गाउँमा तीनदेखि चार सय रुपैयाँमा बिक्री भइरहेको छ। चिनियाँ मुद्राको विनिमय दर वृद्धि भएकाले गत वर्षको तुलनामा कम मदिरा आयात भएको व्यापारी टासी लामाले बताए। उनका अनुसार चिनियाँ मदिराबाट बढी फाइदा हुने भएकाले मुगमकार्मारोङ गाउँपालिकाको बाटो भएर अवैध मदिरा गाउँमा पुग्ने गरेको छ । कान्तिपुरबाट

## ठेकेदारले चासो नदिएपछि ............

अन्तर्गत पर्ने अति आवश्यक ५ वटा व्रिजपुलको निर्माण कार्य अलपत्र परेको बताए। कालिकोटको तिलागुफामा पर्ने टाकुल्ला खोलानको पुलभने वर्षौ समय खर्चिदा समेत पुल नवन्दा कालो सुचिमा परिसकेको बताउँदै बाँकि ५ ठाउँका पुल निर्माणको ठेक्का पाएको ४ वर्षभन्दा बढी भइसक्यो,'उनले भने, भौतिक प्रगति भने केहि नदेखिएको बताए। राजमार्गको दैलेखको जाक्सि खोलामा १८ लाख लागतमा निर्माण हुने ५० मिटर व्रिजपुलको पिलर मात्र ठड्याएको छ। सम्झौता मिति सकिएको ३ वर्ष वितिसक्दा पुलको पिलर मात्र ठड्यायएको छ । यस्तै अन्य ४ वटा पुलको अवस्था पनि उस्तै रहेको पाइएको छ। दैलेखको जाग्सि खोलाको पुलनिर्माण अवधि २०७०मा सम्भौता भई २०७५ वैशाख मसान्तमै सकिनु पर्ने भएतापनि अहिले सम्म पिलर मात्रखडा गरिएकाछन । २०७३ सालमा पिलर खडामात्र गरिएको पुल भत्किए पछि म्याद थप गरिएको थियो। वर्षमा एक महिनाजति काम गरेको जस्तो गर्ने र बाँकी समय कामै नहुने गरेको स्थानीयले बताए। ठेक्काको सम्झौता हुँदा निर्माण कम्पनीलाई दिएको म्याद सकाएर दुई दुई पटक थपिएको भएतापनि अझै थप समय पनि त्यसै गुजारिएको छ। छिटैपुल बन्छ भनेर सुनेको ३ वर्ष कटाउँदा पनि पुल नबन्दा यहाँका स्थानीयलाई खोला तर्न निकै समस्या भएको छ । कालिकोटका स्थानीय गाडि चालक विष्णु शाहिले भने प्रत्येक वर्षामा सधैं ज्यान धरापमा राखेर खोला तर्न बाध्य भएका छौं। प्रत्येक वर्षको वर्र्षयाममा खोलाको पानी वढ्दा कर्णाली राजमार्गमा चल्ने सवारी साधनहरु वाटोमै लाम लाग्ने गरेका छन । जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी चन्द्र बहादुर कार्कीले गृह मन्त्रालयको परिपत्र अनुसार समयमै काम सम्पन्न नगर्ने निर्माण कम्पनिहरुको बिवरण मन्त्रालयमा पठाउँदा पनि निर्माण कार्य छिटो नभएको बताए । उनले सडक डिभिजन कार्यलय जुम्ला र सुर्खेतलाइ वुझि कर्णाली राजमार्गका सवैपुल र निर्माणधिन पुलहरुको निर्माण कार्यलाई तीव्रता दिन निर्माण कम्पनिहरुलाई ताकेता गरेका भए पनि त्यसलाई ठेकेदारहरुले वास्ता गरेका छैनन् ।

## परीक्षण उडानमै सीमित ......................

ज्यालामा काम गर्ने हजार ज्याला पाउन थालें। कालिकोट, हुम्ला, जुम्ला, अछाम जिल्लाको लागि पायक पर्ने यो विमानस्थल राजनीतिक खिचातानी र सरकारी बेवास्थाको सिकार बन्दा विमान चढ्ने यस क्षेत्रका बासिन्दाको सपना सपनामा नै सिमित बनिरहेको छ । विमानस्थल निर्माण थालिएको तीन दशक नाघ्दा कति खर्च भयो भन्ने कुनै लेखाजोखा छैन। कहिले ठेकेदार, कहिले उपभोक्ता समिति त कहिले मन्त्रालय आफैँले काम गरेकाले कति खर्च भयो कुनै लेखाजोखा नरहेको जिल्ला प्राविधिक कार्यालय कालिकोटका इञ्जिनियर चक्रबहादुर शाही बताउँ छन् । 'कहिले ठेक्कामार्फत कहिले उपभोक्ता समिति मार्फत काम भयो,' उनले भने, 'अहिलेसम्म खर्च कति भयो अत्तोपत्तो छैन।' दैनिक ३ रुपैयाँ पाउने मजदुरको ज्याला हजार पुग्यो कोटबाडा विमानस्थल निर्माण कार्य कुन गतिमा अघि बढिरहेको भन्ने कुरा थाहा पाउन त्यहाँ कार्यरत कामदारको ज्यालालाई उदाहरणको रुपमा लिन सकिन्छ । जिविसका पूर्व सदस्य कटकबहादुर बिष्टका अनुसार २०४२ सालमा निर्माण कार्य सुरु हुँदा त्यहाँ काम गर्ने मजदुरको दैनिक ज्याला ३ रुपैयाँ थियो । अहिले यो बढेर एक हजार पुगिसकेको छ, तर काम अझै सम्पन्न भएको छैन। विमानस्थलको काम सुरु गर्दा मजदुरहरुले दैनिक ३ रुपैयाँ ज्याला पाउँथे । अहिले उनीहरुले दैनिक एक हजार रुपैयाँसम्म पाउने गरेका छन् बिष्टले बताए । 'तर, विमानस्थलमा जहाज कहिले अवतरण गर्ने हो कुनै पत्तो छैन।' चुनावी नारा मै सिमित पञ्चायतकालमा निर्माण थालिएको विमानस्थलाई बहुदलीय व्यवस्था आएपछि पनि दलहरुले सधैं चुनावी एजेण्डा बनाउँदै आएका छन् । यही विमानस्थललाई नारा बनाएर धेरै नेता केन्द्रमा पनि पुगिसके । तर, चुनाव जितिसकेपछि कसैले पनि यसको निर्माणमा इमान्दार प्रयत्न गरेका छैनन्। वि.सं. २०६४ को संविधानसभा चुनावमा कांग्रेस, एमाले, तत्कालीन एमाओवादी र राप्रपासहित सबै प्रमुख दलका उम्मेवारले यो विमानस्थललाई पहिलो प्राथमिकता दिएको बताउँदै भोट मागे। त्यसपछि संविधानसभाको दोस्रो निर्वाचनमा पनि यही एजेण्डाका लागि भोट मागियो। नेपाल पत्रकार महासंघ कर्णाली प्रदेश सचिव पवित्रकुमार शाहीले विमानस्थल चुनावी नारा मै सिमित भएको बताए । 'विमानस्थल सबैको दलको चुवानी नारामात्र बन्ने गरेको छ। परीक्षण उडानको चर्चा पनि चर्चामै सिमित भन्न त २०६७ र ०६८ मा नै परीक्षण उडान गरिने भनिएको थियो।' उनले भने । कोटबाडा विमानस्थल निर्माणका क्रममा ३६ जना मजदुरले ज्यान समेत गुमाएछन्। ०५८ फागुन १३ गते कालिकोटको कोटबाडामा माओवादी भन्दै तत्कालीन साही सेनाले ३५ जना मजदुरसहित ६ जना स्थानीय मारेको थियो। स्थानीय ६ महिने नाबालक नबिन बिष्टसहित लालबहादुर कठायत, भीमबहादुर कठायत, गोर्खे कठायत, गणेश बिष्ट, टेक बिष्ट, गंगा बिष्ट कोटवाडाकै स्थानीय बासिन्दा थिए । त्यस्तै, मारिने मजदुरहरुमा धादिङ्ग जोगीमाराका सानुकान्छा चेपाङ, रामबहादुर चेपाङ, विकास चेपाङ, शेरबहादुर चेपाङ, कुम्ले चेपाङ, चित्रबहादुर (तिलु) चेपाङ, दिलबहादुर चेपाङ, बुद्धराज चेपाङ, टंकबहादुर गुरुङ, गोकण गुरुङ, ज्ञानबहादुर थापा, मञ्जु थापा, टेकबहादुर विक, सानुकान्छा (सूर्य) विक, राजकुमार विक, राजकुमार श्रेष्ठ, काभ्रे दोलालघाटका प्रेम (माइला) तामाङ, काभ्रे सानोबाङथलीका पासाङ तामाङ, रामेछाप नागदहका हर्कबहादुर तामाङ र ताकुकोट गोरखाका कुमार बराम रहेका थिए। थाहाँखबर

लोग सेवा आयोगको अग्रगामी सोच आधुनिक परीक्षण
प्रविधिको प्रयोगबाट योग्यतम ब्यक्तिको छनोट

नेपाल सरकार सुचना तथा सञ्चार मन्त्रालय
सुचना विभाग

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
मिसन न्यूज
Mission News National Weekly
राष्ट्रिय साप्ताहिक
www.missionenews.com

**सम्पादक :** पवित्र शाही, **प्रवन्ध सम्पादक :** निर्मला शाही, **समाचारदाता :** लिलाराज संज्याल, **कार्यालय :** खाँडाचक्र न.पा.-१ कालिकोट , **फोन नं. -** ०८७-४४०२४२, ९८४८०४९४५५,९८६८३१५३५३ , **इमेल :** missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com **मुद्रणः** ईश्वर अफ्सेट प्रेस खाँडाचक्र-१, कालिकोट